राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम तयार पारिएको

विधेयकमा संशोधन प्रस्तावको एकीकृत विवरण

विधेयकको नामः सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, २०८३

संशोधनको सूचना दर्ता गर्ने माननीय सदस्यहरू (दर्ताको क्रमानुसार)

दर्ता नं.	संशोधन प्रस्तावकर्ता
०१.	मा. रंजित कर्ण मा. सुरेश कुमार आले मगर मा. राम कुमारी झाक्री मा. नर बहादुर विष्ट मा. पदम बहादुर परियार मा. रेनु चन्द मा. सोमनाथ पोर्तेल

संशोधन प्रस्तावको विवरण (दफाक्रमानुसार मिलाइएको)

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना/ दफा	उपदफा	खण्ड	उपखण्ड	
१.	मा. रंजित कर्ण समेत	३				प्रस्तावित खण्ड (न१) को सट्टा देहायको खण्ड (न१) थप्ने: "(न१) "स्वेदेशी मालसामान" भन्नाले स्वदेशी कच्चा पदार्थ र स्वदेशी श्रम प्रयोग

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना/ दफा	उपदफा	खण्ड	उपखण्ड	
		३				गरी उत्पादन गरिएको वा अन्य देशबाट पैठारी गरिएको कच्चा पदार्थमा स्वदेशी श्रम, स्वदेशी कच्चा पदार्थ र सामग्रीको अंशहरूको हिस्सा कम्तीमा पचास प्रतिशत मूल्य अभिवृद्धि भई स्वदेशी उद्योगबाट उत्पादन भएको मालसामान सम्झनुपर्छ। तर विदेशबाट पैठारी गरी नेपालमा ब्रान्डिङ मात्र गरिएको वा न्यूनतम प्रशोधन (प्याकेजिङ, लेबलिङ वा साधारण सभा मात्र गरिएको) मालसामानलाई स्वदेशी मालसामान मानिनेछैन। स्वदेशी मालसामान प्रमाणित गर्ने निकाय र प्रक्रिया तोकिएबमोजिम हुनेछ।"
		७		१		प्रष्ट पार्ने।
				२		प्रस्तावित उपदफा (१क) को सट्टा देहायको उपदफा (१क) राख्ने: "(१क) पचास लाख रुपैयाँसम्मको लागत अनुमान भएको खरिद कार्यमा मात्र उपदफा (१) को खण्ड (क) को उपखण्ड (११) बमोजिम बोल अङ्क घटाघट गर्ने (रिभर्स अक्सन) विधि प्रयोग गर्न सकिनेछ। यस्तो विधिबाट गरिने खरिदको अभिलेख सार्वजनिक खरिद अनुगमन कार्यालयमा अनिवार्य रूपमा पठाउनुपर्छ।"

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना/ दफा	उपदफा	खण्ड	उपखण्ड	
		१२				दफा १२ ले प्रस्ताव गरेको विभिन्न उपदफा हरुमा प्रस्ताव गरिएको औसत मूल्याङ्कन विधिलाई न्यूनतम मूल्याङ्क विधिमा परिमार्जन गर्ने ।
		२०				दफा २० मा प्रस्ताव गरिएको प्रस्तावित दफा ४१क. को उपदफा (३) पश्चात देहायको उपदफाहरु थप्ने: "(४) ई-मार्केटप्लेसमा सूचीकरण गर्न चाहने उत्पादक, आपूर्तिकर्ता र सेवा प्रदायकले सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको मापदण्ड पूरा गर्नुपर्नेछ । (५) ई-मार्केटप्लेसमार्फत सोझै खरिद गर्न सकिने खरिदको रकमको सीमा दश लाख रुपैयाँभन्दा बढी हुन सक्नेछैन । सो सीमाभन्दा बढी रकमको खरिदका लागि यस ऐनमा व्यवस्था भएको सामान्य खरिद प्रक्रिया अपनाउनुपर्छ । (६) ई-मार्केटप्लेसमा सूचीकृत मूल्यहरू अद्यावधिक राख्ने जिम्मेवारी आपूर्तिकर्ताको हुनेछ र त्यस्तो मूल्य सार्वजनिक रूपमा उपलब्ध हुनेछ । कुनै आपूर्तिकर्ताले बजार मूल्यभन्दा उच्च मूल्य सूचीकृत गरेको पाइएमा निजलाई ई-मार्केटप्लेसबाट हटाई कालोसूचीमा राख सकिनेछ ।"
		२१				दफा २१ मा प्रस्ताव गरिइको प्रस्तावित दफा ४२क. को उपदफा (१) पछि

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना/ दफा	उपदफा	खण्ड	उपखण्ड	
		२१				देहायको उपदफा (२) राखे र त्यसपछिको उपदफाक्रम मिलाउने: "(२) उपदफा (१) बमोजिमको खरिद प्रक्रिया गर्दा देहाय बमोजिम हुनुपर्नेछ: (क) उपदफा (१) बमिजमको कार्यविधि स्वीकृत गर्नुपूर्व नेपाल सरकारले संघीय संसदको सार्वजनिक लेखा समिति वा सम्बन्धित विषय समितिमा अनिवार्य रूपमा पेस गर्नुपर्नेछ र समितिले सोमाथि छलफल गर्न पाउनेछ । (ख) विशेष कार्यविधि नेपाल राजपत्रमा अनिवार्य रूपमा प्रकाशित गर्नुपर्नेछ । (ग) विशेष कार्यविधिले प्रतिस्पर्धा, पारदर्शिता र जवाफदेहिताका न्यूनतम मापदण्ड कायम गर्नुपर्नेछ । (घ) यस दफाबमोजिम थप गर्न सकिने मालसामान वा सेवाको सूचीमा मल, औषधि र सूचना प्रविधिबाहेक अन्य कुनै वस्तु वा सेवा थप गर्नुपरेमा सो संघीय संसदबाट स्वीकृत हुनुपर्नेछ।"
		२९				दफा २९ मा थप गरिएको उपदफा (१ख) पछि देहायको उपदफा (१ग) थप्ने:

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना/ दफा	उपदफा	खण्ड	उपखण्ड	
		२९				"(१ग) उपदफा (१क) बमोजिम विशेष मूल्य समायोजन गर्दा देहायका सीमाहरू अनिवार्य रूपमा पालना गर्नुपर्छ: (क) विशेष मूल्य समायोजनको कुल मूल सम्झौता रकमको पच्चीस प्रतिशतभन्दा बढी हुन सक्नेछैन । (ख) विशेष मूल्य समायोजनको लागि कार्यविधि स्वीकृत गर्दा नेपाल सरकारले संघीय संसदको सार्वजनिक लेखा समितिलाई अनिवार्य रूपमा जानकारी दिनुपर्नेछ । (ग) विशेष मूल्य समायोजन गरिएका सम्झौताहरूको विवरण महालेखा परीक्षकको कार्यालयमा अनिवार्य रूपमा पठाउनुपर्नेछ । (घ) एउटै सम्झौतामा एक पटकभन्दा बढी विशेष मूल्य समायोजन गर्न पाइनेछैन।"
		३२				प्रस्तावित उपदाफा(१) पछि देहायको उपदफा (१क) थप्ने: "(२) उपदफा (१) बमोजिम विभागीय कारबाहीका लागि लेखी पठाइएको

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना/ दफा	उपदफा	खण्ड	उपखण्ड	
		३२				मितिले तीस दिनभित्र अख्तियारप्राप्त अधिकारीले कारबाही प्रारम्भ गर्नुपर्नेछ। सो अवधिभित्र कारबाही प्रारम्भ नगरिएमा सार्वजनिक खरिद पुनरावलोकन समितिले सो निकायको माथिल्लो तहमा लेखी पठाउन सक्नेछ। (३) कुनै व्यक्ति यस दफा बमोजिम दोस्रो पटक विभागीय कारबाहीमा परेमा निजलाई सार्वजनिक खरिद सम्बन्धी कार्यमा नियुक्त गर्न पाइनेछैन। (४) सार्वजनिक खरिद अनुगमन कार्यालयले वार्षिक रूपमा यस दफाबमोजिम परेका उजुरी, कारबाहीको स्थिति र नतिजाको प्रतिवेदन संघीय संसदमा पेस गर्नुपर्नेछ।" देहायको दफा थप्ने: "<u>संसदीय निगरानी:</u> (१) नेपाल सरकारले प्रत्येक वर्ष श्रावण मसान्तसम्म देहायका विषयहरू समावेश गरेको अघिल्लो आर्थिक वर्षको वार्षिक सार्वजनिक खरिद प्रतिवेदन संघीय संसद समक्ष पेस गर्नुपर्नेछ: (क) यस ऐनबमोजिम भएका खरिदको कुल रकम र संख्या,

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना/ दफा	उपदफा	खण्ड	उपखण्ड	
		३२				(ख) भेरिएशन आदेश र विशेष मूल्य समायोजनको विवरण, (ग) कालोसूचीमा परेका व्यक्ति, फर्म र कम्पनीको विवरण, (घ) सोझै खरिद र ई-मार्केटप्लेसमार्फत भएको खरिदको विवरण, (ङ) खरिद विवादको विवरण र समाधानको अवस्था, र (च) दफा ४२क बमोजिमको विशेष खरिद व्यवस्थाबमोजिम भएको खरिदको विवरण। (२) संघीय संसदको सार्वजनिक लेखा समितिले उपदफा (१) बमोजिम पेस भएको प्रतिवेदनको छलफल गरी सुझाव दिन सक्नेछ।"
		३३				यस दफाको सट्टामा देहाय अनुसारको व्यवस्था गर्ने मुल ऐन को दफा ६१ (ख) थप मुल ऐन को दफा ६१ (ख) थपिएको छ .... ६१ (ख) कर्मचारीलाइ प्रोत्साहन, बोनस तथा अन्य सुविधा दिन सक्ने, राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणाकारी आयोजना र नेपाल सरकारले तोके बमोजिमका खरिद

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना/ दफा	उपदफा	खण्ड	उपखण्ड	
		३३				सम्बन्धीका कार्य निर्धारित सुरु समय अगावै गुणस्तरीय रुपमा सम्पादन गरी उत्कृष्ट नतिजा प्राप्त भएको आधारमा त्यस्तो खरिद कार्यमा संलग्न तोकिए बमोजिमका कर्मचारीलाइ दफा २को खण्ड ख को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा नेपाल सरकार र अन्य सार्वजनिक निकायको हकमा त्यस्तो निकायको सर्वोच्च कार्यकारी निकायले तोके बमोजिम प्रोत्साहन, बोनस र अन्य सुविधा दिन सक्नेछ ।
		३४				यस दफाको सट्टामा देहाय बमोजिक दफा राख्ने । दफा ३४ राख्ने .... मुल ऐनमा ६२ (क) थप .... मुल ऐनमा ६२ पछि देहायको ६२ (क) थपिएको छ । निर्माण व्यवसायीलाइ पुरस्कार, बोनस तथा प्रशंसा पत्र दिन सक्ने, राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणाकारी आयोजना र नेपाल सरकारले तोके बमोजिमका अन्य विशेष महत्वका आयोजना सम्बन्धी खरिद तथा निर्माण कार्य निर्धारित समयावधी भित्र गुणास्तरीय रुपमा सम्पन्न गरि उत्कृष्ट कार्यसम्पादन गर्ने निर्माण व्यवसायीलाइ दफा २को खण्ड ख को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा नेपाल सरकार र अन्य सार्वजनिक निकायको हकमा त्यस्तो निकायको सर्वोच्च कार्यकारी

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना/ दफा	उपदफा	खण्ड	उपखण्ड	
		३४				निकायले तोके बमोजिम पुरस्कार, प्रोतेसाहन, बोनस तथा प्रशंसा पत्र र अन्य सुविधा दिन सक्ने छ ।
		३७				यस दफामा थप गरिएको ६६ ख उपदफालाइ पुरै हटाउने र यसको सट्टामा निम्नानुसारको प्रावधान राख्ने .... "सरकारी खरिद अनुगमन कार्यालय स्थापना गर्ने र त्यसलाइ प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गत राख्ने"

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०७ को उपनियम (२) बमोजिम संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत।

.....

(नारायण प्रसाद दाहाल)

अध्यक्ष, राष्ट्रिय सभा

मितिः २०८३।०३।२३